जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC), एवं जिल्ला विपद् व्यवस्थापन समिति (DDMC), सिरहाको संयुक्त बैठक ; नि. प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीको अध्यक्षतामा आज मिति २०७८/०८/२३ गते विहिवारका दिन जिल्ला प्रशासन कार्यालय, सिरहामा बस्यो ।

**उपस्थिति:**

नि. प्रमुख जिल्ला अधिकारी, लालबाबु कवारी, जिल्ला प्रशासन कार्यालय, सिरहा - संयोजक

सदस्य - सेनानी, श्री सुमन थापा, श्री शेर गण चोहर्वा, सिरहा, सदस्य

प्रहरी उपरीक्षक, श्री हिरा वहादुर पाण्डे , जिल्ला प्रहरी कार्यालय, सिरहा , सदस्य

सशस्त्र प्रहरी उपरीक्षक, श्री दिपेन्द्र गिरी , सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा. , सिरहा, सदस्य

उप.अनु नि., श्री तुलसिराम प्रसाई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा, सदस्य

जिल्ला समन्वय अधिकारी, श्री सुजित कुमार यादव, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा, सदस्य

मे.सु. श्री डा नागेन्द्र प्रसाद यादव, सिरहा अस्पताल, सिरहा, सदस्य

**आमन्त्रित:**

समन्वय प्रमुख, श्री राम चन्द्र ठाकुर, जिल्ला समन्वय समिति, सिरहा

नगर प्रमुख, श्री हरि नारायण चौधरी, धनगढीमाई नगरपालिकाको कार्यालय, सिरहा

ज.म.ई, श्री प्रेम कुमार दास, स्वास्थ्य कार्यालय, सिरहा

सभापति, श्री राजदेव यादव , नेपाल रेडक्रस सोसाइटी, सिरहा जिल्ला शाखा, सिरहा

स्वा. शाखा प्रमुख उपेन्द्र कुमार यादव [illegible]
" " [illegible]

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिराहा

**जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) एवं जिल्ला विपद् व्यवस्थापन समिति (DDMC), सिरहाको संयुक्त बैठक मिति २०७८/०८/२३ गते।**

**बैठकको कारवाही एवम् निर्णय**

१. DCMC एवं DDMC को यस अघिको कार्यान्वयन हुन वाँकी रहेको निर्णयको कार्यान्वयन गर्ने।

२. केही दिन अघि अफ्रिकी मुलुकमा देखापरेको कोभिड -१९ को नयाँ भेरियन्ट ओमिक्रोन (Omicron) युरोप तथा एसियालगायतका मुलुकहरुमा क्रमिक रुपमा फैलिदै गईरहेको सन्दर्भमा नेपालले पनि समयमै सावधानी अपनाई ओमिक्रोन भेरियण्टलाई मुलुक भित्र प्रवेश हुनबाट रोकथाम गर्न र जनजीवनलाई सामान्य राख्ने उदेश्यले आवश्यक उपायहरु गर्न प्रधान्मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ३००० मिति २०७८/०८/१३ को प्राप्त पत्रको सन्दर्भमा यस जिल्लाकोलागि निम्न सावधानीका उपायहरु अपनाउने ;

- कोभिड - १९ को नयाँ भेरियण्ट ओमिक्रोन विभिन्न मुलुक तथा नेपालमा पनि देखा परिसकेकोले यस अघि जारी भएको सवै रोकथामका उपायहरुलाई पुन: कडाईका साथ पालना गर्ने गराउने।
- भारतसँग सीमा जोडिएका सवै न.पा./गा.पा. हरुले मुख्य Entry Point हरुमा हेल्प डेस्क राख्ने र यात्रा गरी फर्किएका व्यक्तिहरु सँग मास्क नभएमा सर्जिकल मास्क दिने व्यवस्था गर्न सीमा जोडिएका न.पा./गा.पा.हरुलाई अनुरोध गर्ने।
- संक्रमण फैलिएका स्थानहरु भ्रमण गरी फर्किएका व्यक्तिहरु नियमानुसार १० दिन होम आईसोलेसनमा वस्नकोलागि सवै स्थानीय तह, स्वास्थ्य कार्यालयबाट सूचना जारी गर्ने र जिल्लाका सवै वडा कार्यालयहरुले वाहिरबाट आउने व्यक्तिहरुको नियमित निगरानी गर्ने गराउने।
- १७ वटै न.पा./गा.पा. हरुले कोभिड-१९ को नयाँ भेरियण्ट ओमिक्रोन सम्वन्धमा मास्क लगाउन तथा समाजिक दुरी कायम गर्ने तथा अन्य आवश्यक विषयमा जनचेतना जगाउनकालागि संचार माध्यमहरुबाट सूचना प्रवाह गर्ने।

३. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. ११९२ मिति २०७८/०८/२२ को पत्रबाट स्वस्थ्य तथा जनसंख्या मन्त्रालयले २०७७ माघ १४ देखि कोभिड -१९ विरुद्धको खोप अभियान निरन्तर रुपमा संचालन गर्दै आएको र २०७८ पुस मसान्तसम्म लक्षित जनसंख्याको ६६ प्रतिशत र २०७९ बैशाख मसान्तसम्म लक्षित जनसंख्या सवैलाई खप लगाउने लक्ष्य राखेकोमा सो अनुसार हालसम्म लक्षित जनसंख्याको ४७ प्रतिशतलाई पहिलो मात्रा र ४१ प्रतिशतलाई दोस्रो मात्रा खोप लगाई सकिएको, कोभिड-१९ खोप अभियानलाई प्रभाकारी एवम् द्रुत गतिमा अगाडी बढाई निर्धारित लक्ष्य हासिल गर्नकालागि सहयोग एवम् समन्वय गरिदिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट अनुरोध भई आएको व्यहोराको पत्र बारे बैठकमा अवगत भयो।

४. जिल्ला विपद् व्यवस्थापन कोषमा रहेको रकम, खर्च र मौजदातको विवरण देहाय अनुरुप रहेको व्यहोरा बैठकमा अवगत भयो।

**आ.ब. ०७८/०७९ मा अल्या सरी प्राप्त आम्दानी रु. ८७,३६,७७१।५४ रहेको।**

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिराहा

खर्चको विवरण;

| क्र.स. | नाम | ठेगाना | विपद्को प्रकार | रक रु | मिति |
|---|---|---|---|---|---|
| १ | राम दयाल साह तेली | गोलबजार -४ | बाढी पीडित | १०,०००/- | ०७८/७/७ |
| २ | बुच्ची देवी कोइरीनी | गोलबजार -१४ | बाढी पीडित | १०,०००/ | ०७८/७/७ |
| ३ | बिल्टु गिरी | गोलबजार -१४ | बाढी पीडित | १०,०००/ | ०७८/७/७ |
| ४ | अविनाश कुमार गुप्ता | लहान-६ | अगनिपीडित | १०,०००/ | ०७८/७/११ |
| ५ | रामसेर बहादुर राणामगर | धनगढीमाई-१४ | अगनिपीडित | ५,०००/- | ०७८/७/११ |
| ६ | गिता देवि मण्डल | धनगढीमाई-५ | अगनिपीडित | ५,०००/- | ०७८/८/०४ |
| ७ | मन्जु देवी यादव | लहान-२४ | अगनिपीडित | १०,०००/- | ०७८/८/१२ |
| ८ | रंजन कुमार गुप्ता | लहान-१ | अगनिपीडित | ५,०००/- | ०७८/८/१४ |
| ९ | संजिला देवि यादव | लहान-२४ | अगनिपीडित | १०,०००/- | ०७८/८/१६ |
| **जम्मा खर्च भएको रकम रु.** | | | | ७५,०००/- | |
| **मिति २०७८/०५/२९ को बैठकमा पेश भएको खर्च रु** | | | | ३७,०००/- | |
| **कुल जम्मा खर्च रु.** | | | | १,१२,०००/- | |
| **हाल मौजदात रहेको रकम रु.** | | | | ८६,२४,७७१।५४ | |

आ.ब.२०७८/०७९ को मिति २०७८/०५/३० देखि २०७८/०८/२२ सम्मको विपद् व्यवस्थापन समितिबाट भएको खर्चहरुको अनुमोदन गर्ने निर्णय गरियो ।

५. जिल्ला प्रशासन कार्यालय सिरहामा प्रदेश सरकार प्रदेश नं. २ बाट विपद् व्यवस्थापन कोषमा प्राप्त रकम एवं खर्चको विवरण देहाय अनुरुप रहेको व्यहोरा बैठकमा अवगत भयो ;

आ.ब. ०७८/०७९ को २०७८/०४/०१ देखि ०७८/०८/२२ सम्मको

| क्र.स. | विवरण | आपुर्तिकर्ताको नाम | रकम | मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | खर्च उद्धार सामान | शुभ सप्लाई | ३,४२,१९२/- | ०७८/०५/२३ | |
| २ | खर्च उद्धार सामान | आ.रा.का. | ४,६०५/- | ०७८/०५/२३ | |
| ३ | खर्च उद्धार सामान | शोध भर्ना श्रीदेव कापैर | २०,०००/- | ०७८/५/२५ | |
| ४ | खर्च उद्धार सामान | एस.एम. कृषि फर्म | ६,८२५/- | ०७८/०८/७ | |

| | | | | |
|---|---|---|---|---|
| | **जम्मा खर्च रकम रु.** | ३,७३,६२२/- | | |
| | **आ.ब. ०७८/०७९ मा अल्या सरी प्राप्त आम्दानी रु.** | ४,४६,५०४/- | | |
| | **हाल मौजदात रकम रु.** | ७२,८८२/- | | |

आ.ब. ०७८/०७९ को मिति २०७८/०४/०१ देखि ०७८/०८/२२ सम्मको प्रदेश सरकारको विपद् व्यवस्थापन कोषबाट भएको खर्चहरुको अनुमोदन गर्ने निर्णय गरियो ।

६. शीतलहर पूर्व तयारी तथा प्रतिकार्य गर्न नेपाल रेडक्रस सोसाइटी सिरहा जिल्ला शाखा सँग १००० थान र जिल्ला प्रशासन कार्यालय सिरहामा ४० थान गरी जम्मा १०४० थान कम्वल मौजदात रहेको व्यहोरा बैठकमा अवगत भयो ।

७. सशस्त्र प्रहरी बल नेपाल, नं. ७ गण हे.क्वा., सिरहाको च.नं. ६०० मिति २०७८/०८/१७ को प्राप्त पत्र बमोजिम यस गण मातहत वि.ओ.पि. ईनर्वा र प्रस्तावित वि.ओ.पि. अभयनगरकोलागि कार्यालय संचालन तथा भवन निर्माणकोलागि जिल्ला सिरहा, भगवानपुर गाउँपालिका वडा नं.-४ साविक गा.वि.स. ठाडी विस्वापट्टी वडा नं. ३ को कि.नं. १५२ क्षेत्रफल ०-१९-० कठ्ठा मध्ये १० कठ्ठा जग्गा वि.ओ.पि. ईनर्वाकोलागि उपलव्ध गराउने र भगवानपुर गाउँपालिका वडा नं. ३ साविक गैरसाहा वडा नं. ४ (क) को कि.नं. ३२० को ज.वि. २-१०-१६ धुर मध्ये ७ कठ्ठा जग्गा प्रास्तावित वि.ओ.पि. अभयनगरकोलागि उपलव्ध गराउने सम्वन्धमा भगवानपुर गाउँपालिकाको निर्णय समेत भई सकेको हुँदा सरकारी जग्गा दर्ता तथा लिजमा उपलव्ध गराउने सम्वन्धी कार्यनिति, २०७१ बमोजिम उक्त जग्गा उपलव्ध तथा सम्वन्धित निकायमा आवश्यक सिफारिसकालागि अनुरोध भई आएकोहुँदा उक्त जग्गा प्रस्तावित वि.ओ.पि. ईनर्वा र वि.ओ.पि. अभयनगरको नाउँमा जग्गा प्राप्तिकालागि गृह मन्त्रालयमा आवश्यक प्रकृया अगाडी बढाउन सिफारिस साथ अनुरोध गर्ने साथै विपद्को वेलामा अन्यत्र प्रयोग गर्न सक्ने खुल्ला स्थान समेत रहेकोले सो जग्गा उपलव्ध गराउने निर्णय गरियो र सो को जानकारी सम्वन्धित निकायमा दिने ।

८. सिरहा जिल्लामा कोभिड - १९ को संक्रमण एवम् व्यवस्थापन सम्वन्धी देहायको अवस्थाबारे बैठकमा अवगत भयो ।

| | संक्रमितको विवरण | | | | | | PCR | | Antigen | | | संक्रमितको उअपचार अवस्था | | | | जिल्लामा उपलव्ध स्वास्थ्य पूर्वाधार | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | हिजो सम्मको संक्रमितको संख्या | आज थप भएको संक्रमितको संख्या | निको भएको संख्या | दोस्रो चरणमा मृत्यु भएको संक्रमित संख्या | विगत २४ घण्टा भित्रको मृत्यु भएको स्ख्या | हालको सक्रिय संक्रमितको संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | होम आईसोलेसनमा रहेका संक्रमितको संख्या | क्वारेन्टिनमा रहेका संक्रमितको संख्या | सामान्य उपचारमा रहेका संख्या | ICU मा उपचाररत सख्या | HDU उपचाररत स्ख्या | भेन्टिलेटरमा उपचाररत संख्या | अस्पताल संख्या | बेड संख्या | HDU बेड संख्या (सिरहा अस्पतालको) | ICU संख्या | भेन्टिलेटर संख्या | अक्सिजन सिलण्डर स्ख्या |
| सिरहा | १ | ० | १६११ | १०८ | ० | २ | ७०४० | २ | ० | ० | २ | ० | ० | ० | ० | ० | १५ | ८५७ | ३० | ४४ | १२ | २५ |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिराहा

कोभिड-१९ विरुद्धको खोपको प्रगति :

| अभियान मिति | खोपको नाम | प्राप्त डोज संख्या | पहिलो डोज खोप लगाएको व्यक्ति संख्या | दोश्रो डोज खोप लगाएको व्यक्ति संख्या |
|---|---|---|---|---|
| २०७७ माघ १४ गते देखि हालसम्मको | कोभिसिल्ड | ४८१७० | ४०२८५ | ६८०६ |
| २०७८ जेठ २६ गते देखि हालसम्मको | भेरो सेल | १३३,०१४ | ७१७७३ | ५०३८७ |
| २०७८ श्रावण १० गते देखि हालसम्मको | Janssen | ३६,१०४ | ३६१०४ | |
| २०७८ भाद्र १६ देखि हालसम्मको | Astrajeneca | ७९,४२७ | ५८४०४ | २१०२३ |
| २०७८ मंसिर ६ गते देखि हालसम्मको | कोभिसिल्ड | ६०,००० | मंसिर १३ गते देखि अभियान संचालन भई रहेको। | |
| **खोप लगाएका जम्मा संख्या:** | | | **१७०४६२** | **११४३२०** |

नि० प्रमुख जिल्ला अधिकारी